जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १९७ • २०८२ बैशाख २५ गते विहिवार • 8 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# प्रादेशिक अस्पताल जनकपुरको आकस्मिक कक्षमा बिरामी र कुरुवाको चाप बढ्दै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ बैशाख**

प्रादेशिक अस्पताल जनकपुरको अकस्मिक कक्षमा बिरामी र कुरुवाको चाप रहेको थियो । बिरामीका आफन्त स्वास्थ्यकर्मी गुहारिरहेका देखिन्थे । आकस्मिक कक्षको एउटा बेडमा ११ महिने नातिनी रियालाई उपचार गराइरहेकी थिइन् सुन्तली तामाङ। रामेछापको मन्थली नगरपालिका- ६ बाट नातिनी लिएर आएकी तामाङलाई उपचार चित्त बुझेको थिएन।



नातिनी सिकिस्त हुँदै गएको तर डाक्टरले राम्ररी समय दिन नसकेकोले उनी बाहिरको निजी अस्पतालमा लैजाने तयारी गर्दै थिइन् । 'नातिनीको अवस्था गम्भीर छ । त्यति टाढाबाट उपचार गराउन आएको, यहाँ डाक्टरले समय नै दिनुहुन्न । राम्रो उपचार होला जस्तो लागेन,' हतास देखिएकी सुन्तलीले भनिन् । आर्थिक रूपमा कमजोर उनी नातिनीको चेकजाँचका लागि आफन्तसँग सहयोग मागिरहेकी थिइन् । सुन्तली जस्ता धेरैलाई प्रादेशिक अस्पताल जनकपुरको सेवा चित्त बुझेको छैन । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पर्ने यो अस्पतालमा बिरामीको चापअनुसार जनशक्ति नथपिँदा चाहे जस्तो स्वास्थ्य उपचार सेवा दिन नसकिएको चिकित्सकहरू स्वीकार्छन् । आकस्मिक कक्षका इन्चार्ज डा. शरद यादव आकस्मिक कक्षमा जम्मा ३० वटा बेड छन् । दैनिक ९० देखि १०० जनासम्म बिरामी आकस्मिक उपचारका लागि आउँछन् । यति बिरामीको चाप धान्न ४ सिफ्टमा कम्तीमा ३० जना पारामेडिक्स चाहिन्छ । तर अहिले १० जना पारामेडिक्सको भरमा २४ घण्टा सेवा दिनुपरेको उनको गुनासो छ।

'बिरामीको चाप अत्यधिक बढेको छ । ३० जना पारामेडिक्स हुनुपर्ने ठाउँमा १० जनाले धानिरहेका छौं । त्यसकारण प्रत्येक बिरामीलाई पर्याप्त समय दिन सकिँदैन । उपचारका लागि जनशक्ति नभएर कतिपय बिरामीका आफन्त निजीमा लाग्छन्,' डा. यादव भन्छन्, 'जनशक्ति माग गर्दा-गर्दा थाकिसकें।'

जनकपुर प्रादेशिक अस्पतालमा ओपीडीसहित दैनिक १ हजारभन्दा बढी बिरामी स्वास्थ्य सेवा लिन आउँछन् । अकास्मिक कक्ष त उदाहरण मात्र हो, बिरामीको चापले अस्पतालको जनरल, आईसीयू, भेन्टिलेटर, एचडीयू, एनआईसीयू लगायत सबै वार्डमा जनशक्तिको चरम अभाव छ। 'कयौंपटक मौखिक रूपमा हामीले प्रमुख सचिव र मुख्यमन्त्रीजीलाई कर्मचारी पदपूर्ति विवाद समाधान गरेर जनशक्ति व्यवस्थापनको लागि गुहार गर्यौं । वास्तै गर्नुभएन । यसकारण कर्मचारी भर्ना प्रक्रियामा सरकार नै बाधक बन्यो', एक अधिकारीले भने जनशक्ति अभावका कारण प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न चुनौती रहेको अस्पतालनका निर्देशक डा. जामुनप्रसाद सिंह बताउँछन् । 'जनशक्ति अभावमा सबै वार्डको अवस्था क्रिटिकल छ।

४० जना बिरामीमा दुईजना नर्स रहन्छन्। ब्लडप्रेसर चेक गर्न पनि भ्याइरहेको हुँदैन,' निर्देशक डा. सिंह भन्छन्, 'कम जनशक्तिमा ठूलो अस्पताल चलाउँदा छिटो र गुणस्तरीय सेवा त घट्छ नै ।' प्रतिष्ठानका राजिष्ट्रार विनोद यादवका अनुसार हाल ३ सय ४२ शय्याको प्रादेशिक अस्पतालमा चिकित्सक, स्वास्थ्यकर्मी गरी करिब ५ सय पुग्छ । 'साढे ३ सय बेडको अस्पतालको लागि ८ सय कर्मचारी चाहिन्छ। तर अहिले करिब ५ सय मात्र छन्।' हाल अस्पतालमा सरकारबाट स्वीकृतप्राप्त १०० बेडअनुसार मात्र सरकारी दरबन्दी कायम छ। सरकारी कर्मचारी १ सय ४० जनाको दरबन्दी रहेकोमा मात्र ९० जनाको पदपूर्ति छ भने ५० वटा दरबन्दी रिक्त छ। कर्मचारी भर्नामा सरकार बाधकः सरकारी ओएनएम अनुसार नै ३ सय बेडको लागि ७ सय ५० कर्मचारी आवश्यक पर्छ। प्रादेशिक अस्पतालमा कर्मचारी पदपूर्तिको लागि प्रयास नभएको होइन । प्रतिष्ठानले एक वर्षअघि विभिन्न चरणमा करिब १२० जना चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षणसहितका कर्मचारी करारमा भर्ना लिन विज्ञापन गरेको थियो । लिखित र अन्तर्वार्ता गरी भर्ना प्रक्रिया अन्तिम चरणमा रहेको बेला अख्तियार दुरुपयोग अनुसन्धन आयोगमा उजुरी पर्यो । कर्मचारी भर्ना रीतपूर्वक नभएको भन्दै परेको उजुरीको आधारमा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्र पठायो।

# छ वर्षदेखि उपचार कक्षको ढोकामा ताल्चा झुन्डिएको



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २४ बैशाख**

सर्लाहीको नवलपुरमा रहेको सर्पदंश उपचार केन्द्रको सघन उपचार कक्षको ढोकामा ताल्चा झुन्डिएको छ वर्ष भयो । उपचार कक्षमा एउटा आइसीयु र एक थान भेन्टिलेटर छ। तर, त्यसको प्रयोग गर्ने दक्ष चिकित्सक छैनन्। उपचार केन्द्रले विगत छ वर्षदेखि दक्ष चिकित्सक भर्ना गर्न पटकपटक सूचना आह्वान गर्दा कोही चिकित्सक भर्ना हुन आएका छैनन् ।


विज्ञापन गर्दा कहिले आवेदन नपर्ने, कहिले छनोट भएका चिकित्सक नियुक्ति लिनै नआउने गरेका केन्द्रका अध्यक्ष उद्धव पौडेलले बताउनुभयो। सर्पको बिगबिगी हुने महिनामा केन्द्रमा दैनिक ठूलो सङ्ख्यामा बिरामी आउने गरेका छन्। सर्पले डसेर आएकामध्ये जटिल प्रकृतिका बिमारीलाई तत्काल आइसीयु र भेन्टिलेटरको सहायतामा उपचार गर्नुपर्ने हुन्छ । उपचार केन्द्रमा उपकरण तयारी अवस्थामा भए पनि सञ्चालन गर्ने जनशक्ति नहुँदा बिमारीलाई अन्यत्र रिफर गर्नुपरेको अध्यक्ष पौडेलले बताउनुभयो । "विषालु सर्पले डसेर गम्भीर अवस्थामा पुगेका बिरामीसँग बाटोको समय हुँदैन" केन्द्रका इन्चार्ज एवं हेल्थ असिस्टेन्ट जगर्नाथ यादवले भन्नुभयो, "लैजाँदै गर्दा बाटोमै ज्यान गएका धेरै घटना छन्।" सर्पदंशका कारण गम्भीर भएका बिरामीको उपचारका लागि केन्द्रले २०७५ सालमा आइसीयु र भेन्टिलेटरको व्यवस्था गरेको थियो । तत्कालीन समयमा स्वयंसेवकका रुपमा कार्यरत चिकित्सक अर्जुन लामाले उक्त उपकरण सञ्चालन गर्ने गर्नुभएको थियो। तर, २०७६ साल असार २३ गते राति उपचारको क्रममा सर्लाहीको हरिवनकी दुई वर्षीया बालिकाको केन्द्रमा मृत्यु भयो।

घटनापछि बालिकाका आफन्तले केन्द्रको सघन उपचार कक्षमा रहेको उपकरण तोडफोड गर्नुका साथै चिकित्सक लामामाथि हातपात गरेका थिए। त्यस घटनापछि केन्द्रको सघन उपचार कक्षमा ताला लागेको हो । तोडफोड भएको उपकरण प्रदेश सरकार र लालबन्दी नगरपालिकाको बजेटबाट मर्मत गरे पनि चिकित्सक भने अझै आउन मानेका छैनन्। दक्ष जनशक्ति नहुँदा आइसीयु र भेन्टिलेटर छ वर्षदेखि प्रयोग बिना राख्नुपरेको केन्द्रका अध्यक्ष पौडेलको गुनासो छ। आइसीयु र भेन्टिलेटर सञ्चालन गर्न जान्ने चिकित्सक नियुक्त गर्न केन्द्रले गत चैतमा मात्रै आवेदन मागेको थियो।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
www.jaleshwortoday.com
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# प्रशासनलाई सफल बनाउने चुनौति

*आजको दिनसम्म आइपुग्दा प्रशासनले आफ्नो आत्मसमीक्षा गर्नै पर्छ, कमजोरी पहिचान गरेर कमजोरी हटाउनै पर्छ । आजको प्रशासन भोलिको सन्ततिका लागि उदाहरण बन्नु पर्छ । जबसम्म आममानिसले नेपालको प्रशासनलाई विश्वाससहित माया गर्दैनन्– प्रशासन सफल भएको मानिँदैन । इसापूर्व चौथो र तेस्रो शताब्दीका पूर्वीय दार्शनिक चाणक्य र पश्चिमेली दार्शनिक अरस्तुले त्यो बेलाको राज्य सञ्चालनमा प्रशासनको महत्वबारे आआफ्ना पुस्तकमा विस्तृत रूपमा लेखेका छन् । चाणक्यले भनेका थिए, "त्यो प्रशासक, जसले जनता र सार्वजनिक वित्तीय कोषको रक्षा गर्न सक्दैन, आफ्नै नातेदार भए पनि उसलाई पदबाट हटाउनै पर्छ ।"*

*त्यस्तै "असल प्रशासन असल सरकारको बलियो जग हो" भन्ने मान्यता अरस्तुको थियो । यी दुई भनाइले सरकारको लोकप्रियता र सफलताको मूल आधार प्रशासन नै रहेको विषयलाई पुष्टि गर्छ । नेपालको इतिहासले भन्छ- लिच्छविकालीन समयमा प्रशासनिक क्षेत्रमा उदाहरणीय कामहरू भएका थिए; जसको प्रथम उद्देश्य जनकल्याण र राज्यको सुरक्षा गर्नु थियो । त्यसैले विभिन्न कामका लागि विभिन्न अधिकरण (अड्डा) हरू स्थापना गरिएको थियो ।*

*जस्तो- कुथेर, सुल्ली, लिङ्ग्वल, माप्चोक आदि । यिनीहरूले क्रमशः भूमि प्रशासन, न्याय व्यवस्था, कुलोपानी र यातायात एवं विवाह/सम्बन्ध विच्छेदका काम गर्थे । सो समयमा प्रशासनको विकेन्द्रीकरण थियो । आजको दिनसम्म आइपुग्दा प्रशासनले आफ्नो आत्मसमीक्षा गर्नै पर्छ, कमजोरी पहिचान गरेर कमजोरी हटाउनै पर्छ । आजको प्रशासन भोलिको सन्ततिका लागि उदाहरण बन्नु पर्छ । जबसम्म आममानिसले नेपालको प्रशासनलाई विश्वाससहित माया गर्दैनन्- प्रशासन सफल भएको मानिँदैन ।*

# भारत र पाकिस्तानबीच तनाव चर्किएपछि सीमा क्षेत्रमा उच्च सतर्कता



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ बैशाख**

मंगलबार रातिदेखि भारत र पाकिस्तानबीच तनाव चर्किएपछि सशस्त्र प्रहरी बल नेपाल(एपीएफ) ले सीमा क्षेत्रमा उच्च सतर्कता अपनाएको छ। भारतले पाकिस्तान नियन्त्रित क्षेत्र कश्मीरमा ९ वटा आतंकवादी क्षेत्रलाई निशाना बनाउँदै गरिएको आक्रमणपछि नेपालका दुई छिमेकी राष्ट्रबीच तनाव चुलिएको हो। गत २२ अप्रिलमा कश्मीरको पहलगाम आक्रमणपछि दुई देशबीच द्वन्द्व झन् चर्किएको हो । उक्त आक्रमणमा एक नेपाली नागरिकसहित २६ जनाको मृत्यु भएको थियो । भारतको पछिल्लो आक्रमणमा २६ जनाको मृत्यु भएको र ४६ घाइते भएको पाकिस्तानले जनाएको छ। त्यस्तै सीमापारिबाट भएको आक्रमणमा १० भारतीय नागरिकको मृत्यु भएको ३२ जना घाइते भएको भारतले जनाएको छ।

यसैबीच दुई देशबीचको तनावको मौका छोपेर नेपाल-भारत सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठ रोक्नका लागि एपीएफ हाई अलर्टमा बसेको हो। एपीएफका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले भारतीय सशस्त्र सीमा बल (एसएसबी)सँगको सहकार्य र समन्वयमा सीमानामा संयुक्त रूमा गस्ती पट्रोल र खबर आदान-प्रदानलाई तीव्रता दिएको जनाए।

उनले भने, 'एक बीओपीबाट अर्को बीओपीसम्म २४ घण्टा सीमा इलाकामा रहने गरी पट्रोलिङ गरिएको छ।' अनधिकृत घुसपैठ नियन्त्रण र निगरानीका लागि सीमा क्षेत्रमा पर्ने सबै बाहिनीपतिहलाई प्रधान कार्यालयबाट विशेष निर्देशन दिइएको सहप्रवक्ता थापाले बताए । पछिल्लो अवस्थाबारे थप जानकारी दिँदै उनले भने, 'बाहिनी मुख्यालयहरूले सोहीअनुसार सुरक्षा योजना बनाएर कार्यान्वयन गरेका छन् । सीमा इलाकामा आवश्यकता अनुसार आवतजावत गर्नेहरूको परिचय पत्र चेक गरेर अभिलेख राख्ने कार्य समेत भइरहेको छ । सम्भावित संकित स्थानहरूमा निगरानी एवं चेक तथा सुक्ष्म रूपमा खबर संकलन कार्य समेत गरिराखेको छ ।'

# 'ओभरपास' निर्माण कार्य सुरु



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २४ बैशाख**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत कञ्चनपुर-कमला सडक विस्तारका क्रममा लहानचोकमा 'ओभरपास' निर्माणको सुरु भएको छ । 'चाइना रेलवे-२ इञ्जिनियरिङ ग्रुप'ले 'ओभरपास' निर्माण थालेको हो।

सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर लम्बाइमध्ये पश्चिम (सिरहा) खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर खण्डाको ६२ प्रतिशत काम पूरा भएको छ। लहान चोकमा रहेको सहिद स्मारक हटाएसँगै 'ओभरपास' निर्माण थालिएको हो। कञ्चनपुर-कमला सडक आयोजना पश्चिम खण्ड (सिराहा)का सूचना अधिकारी सरोज कोइरालाका अनुसार अन्तरराष्ट्रिय मापदण्ड अनुसारका ३२ मिटर चौडा दुई ओभरपास निर्माण हुने छन्।

मिर्चैयाको चोकमा पनि 'ओभरपास' निर्माण प्रारम्भ भएको छ । यो सडक खण्डमा पाँचवटा 'अण्डरपास' निर्माण हुने छन्। लहानमा अण्डरपास पनि धमाधम बन्दैछन्। आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड ४४ हजार ९८३ छ।


# व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**कबिलासि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सर्लाही, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: अनावश्यक चिन्ता
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: आम्दानी हुने
सिंह: लामो यात्राको योग छ
कन्या: पिछडेको साथी मिल्ने
तुला: खानपानमा समस्या आउने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: मनमा पछुतो आउने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# हमासले बन्धक बनाइएका २१ जना मात्रै जीवित रहेको ट्रम्पको भनाइ



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ बैशाख**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार गाजामा हमासले पक्रिएका तीन बन्धकको मृत्यु भएको र २१ जना मात्रै जीवित रहेको विश्वास गरिएको बताएका छन्।

"आजको मितिसम्म २१ जना छन्, तीन जनाको मृत्यु भएको छ", हालसम्म २४ जना जीवित रहेको विश्वास गरिएको उल्लेख गर्दै ट्रम्पले हमासले लिएका बन्धकहरूको बारेमा भने। उनले अब मृत भएको विश्वास गरिएकाहरूको पहिचान वा उनीहरूको मृत्युको बारेमा कसरी थाहा पाए भन्ने बारे थप विवरण दिएनन्। "त्यहाँ २१ जना छन् र धेरै मृत शरीर पनि", उनले भने। एक अमेरिकी एडन अलेक्जान्डर जीवित रहेको विश्वास गरिएका २४ बन्धक मध्ये एक थिए। हमासले सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेपछि अन्य केही अमेरिकीका शव पनि हमासको कब्जामा रहेका छन्। बन्धकहरूलाई पुनः प्राप्त गर्न र हमासलाई नष्ट गर्ने आफ्नो युद्ध लक्ष्यहरू पूरा गर्ने प्रयासमा इजरायलले गाजा पट्टी कब्जा गर्ने र प्यालेस्टिनी क्षेत्रमा अनिर्दिष्ट समयका लागि बस्ने योजनालाई सोमबार अनुमोदन गरेपछि राष्ट्रपति ट्रम्पको टिप्पणी आएको हो। यदि कार्यान्वयन गरियो भने यस कदमले त्यहाँ इजरायलको अपरेसनहरू व्यापक रूपमा विस्तार गर्नेछ र सम्भवतः कडा अन्तर्राष्ट्रिय विरोधलाई आकर्षित गर्नेछ। अमेरिकी दूतावासले सोमबार १७ जना अमेरिकी नागरिक र कानूनी स्थायी बासिन्दाहरूलाई गाजा छोड्न मद्दत गरेको अमेरिकी विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ।

# हानिया आमिर र माहिरा खानले भारतलाई भने कायर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ बैशाख**

भारतले २२ अप्रिलमा पहलगाममा भएको आक्रमणको बदला लिएको छ। मे ७ मा, भारतले अपरेशन सिन्दूर चलाएर पाकिस्तानमा रहेका आतङ्कवादी अड्डाहरूमा हवाई आक्रमण गरेको थियो।

यसमा धेरै आतंककारीहरू मारिएको बताइएको छ। भारतको यो बदलाले पाकिस्तानी कलाकारहरूमाझ हलचल उत्पन्न भएको छ । त्यहाँका प्रसिद्ध कलाकारहरूले भारतको हवाई आक्रमणको आलोचना गरेका छन्। भारतीय फिल्म उद्योगमा काम गरिसकेकी माहिरा खानले आतंकवाद माथिको यो प्रति आक्रमणलाई कायरतापूर्ण भनेकी छिन् । पाकिस्तानकी सबैभन्दा लोकप्रिय अभिनेत्रीहरूमध्ये एक माहिरा खानले



लेखिका फातिमा भुट्टोले आक्रमणको आलोचना गर्दै गरेको ट्वीट पुनः पोस्ट गरेकी थिइन्।

माहिरा खानले भारतको बदला लिने कारबाहीको निन्दा गरेकी छिन्। 'साँच्चै नै कायर..., अल्लाहले हाम्रो देशको रक्षा गरून् र हामीले राम्रोसँग बुझ्न सकौं, आमेन' माहिराले आफ्नो इन्स्टाग्राम स्टोरीमा लेखेकी छिन्। अभिनेत्री हानिया आमिरले पनि आफ्नो इन्स्टाग्राम स्टोरीमा एक शब्दमा प्रतिक्रिया दिएकी छिन् । उनले यसलाई कायरता भनेकी छिन् । अभिनेत्रीको यो पोस्टले उनका भारतीय फ्यानहरूलाई निराश बनाएको छ।

भारतको आतंकवाद माथिको आक्रमण कायरतापूर्ण थियो भन्ने तथ्य हानिया आमिरका भारतीय फ्यानहरूलाई मन परेको छैन। सामाजिक सञ्जाल प्लेटफर्म एक्समा माहिरा खान र हानिया आमिरको पोस्टको मानिसहरूले आलोचना गरेका छन् ।

# यस्तो छ बुधबारका लागि निर्धारित विदेशी मुद्राको विनिमयदर



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ बैशाख**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १३४ रूपैयाँ ८० पैसा र बिक्रीदर १३५ रूपैयाँ ४० पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १५२ रूपैयाँ ७० पैसा र बिक्रीदर १५३ रूपैयाँ ३८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १८० रूपैयाँ १४ पैसा र बिक्रीदर १८० रूपैयाँ ९४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६३ रूपैयाँ ४० पैसा र बिक्रीदर १६४ रूपैयाँ १३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ०५ पैसा र बिक्रीदर ८७ रूपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ५८ पैसा र बिक्रीदर ९८ रूपैयाँ ०१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ ५६ पैसा र बिक्रीदर १०५ रूपैयाँ ०२ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यस्तै, केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रूपैयाँ ४३ पैसा र बिक्रीदर नौ रूपैयाँ ४७ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ६८ पैसा र बिक्रीदर १८ रूपैयाँ ७६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रूपैयाँ ९४ पैसा र बिक्रीदर ३६ रूपैयाँ १० पैसा, कतारी रियाल एकको खरिददर ३६ रूपैयाँ ९८ पैसा र बिक्रीदर ३७ रूपैयाँ १५ पैसा तोकेको छ। केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १३ पैसा र बिक्रीदर चार रूपैयाँ १५ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ७० पैसा र बिक्रीदर ३६ रूपैयाँ ८६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ८५ पैसा र बिक्रीदर ३१ रूपैयाँ ९९ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ७६ पैसा र बिक्रीदर नौ रूपैयाँ ८१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रूपैयाँ ०१ पैसा र बिक्रीदर १४ रूपैयाँ ०७ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ४६ पैसा र बिक्रीदर २० रूपैयाँ ५५ पैसा तोकिएको छ।

# बार्सिलोनालाई हराउँदै इन्टर मिलान च्याम्पियन्स लिग फुटबलको फाइनलमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ बैशाख**

इन्टर मिलान युरोपियन च्याम्पियन्स लिग फुटबलको फाइनलमा प्रवेश गरेको छ । मध्यराति भएको रोमाञ्चक सेमिफाइनलको दोस्रो लेगमा बार्सिलोनालाई ४-३ ले हराउँदै इन्टर समग्रमा ७-६ को जित निकाल्दै उपाधि नजिक पुगेको हो।



पहिलो हाफमा २ गोलको अग्रता लिएपनि बार्सिलोनाले दोस्रो हाफमा २ गोल फर्काउँदै खेल बराबरीरु गरेको थियो भने खेल सकिन लाग्दा पुनः दुवै टोलीबाट गोल भएपछि खेल ३-३ को बराबरी हुँदै अतिरिक्त समयमा धकेलिएको थियो। खेलको २१औं मिनेटमा लाउतारो मार्टिनेजले गोल गर्दै इन्टरलाई अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी समयमा हाकान कान्हानोग्लुले पेनाल्टीमारु गोल गर्दै अग्रता दोब्बर पारे । बार्सिलोनाका लागि ५४औं मिनेटमा एरिक गार्सिया तथा ६०औं मिनेटमा डानी ओल्मोले हेडर गोलरुरु गरेपछि खेल बराबरीमा आएको थियो । त्यसपछि ८७औं मिनेटमा राफिन्हाले गोल गर्दै बार्सिलोनालाई जितको नजिक पुर्याए पनि इन्जुरी समयमा फ्रान्सेको असेर्बीले गोल गर्दै खेल फेरि बराबरीमा ल्याए। त्यसपछि थपिएको अतिरिक्त समयको ९९औं मिनेटमा डेभिड फ्राटेसीले गोल गरेपछि इन्टरले खेलमा फेरि अग्रता लियो। त्यसपछि थप गोल नहुँदा बार्सिलोनाको शानदार प्रदर्शन सहितको यात्रा सेमिफाइनलमै टुंगिएको हो। इन्टरले उपाधिका लागि पिएसजी र आर्सनल बीचको विजेतासँग खेल्ने छ।




ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेश प्रदेश नेपाल



# समृद्धिमा दलीय बेइमानी

-प्रजातन्त्रको नाममा भ्रष्टाचारलाई संस्थागत गर्ने नेपालका हालका नेताहरूको नियतका कारण राजनीतिक अस्थिरता देखिएको हो, संविधानले गर्दा समस्या आयो भन्ने नारा दिवालियापन र पाखण्ड मनस्थिति मात्र हो। नौ महिनाअघि केपी शर्मा ओली नेतृत्वको सरकार निर्माण हुँदा राजनीतिक स्थिरताका लागि संविधान संशोधन र आर्थिक विकास र सुशासन कायम गर्ने मूल नारा थियो। कांग्रेस र एमालेको झन्डै दुईतिहाइ मत पाएको ओली सरकार यी तीनै पक्षमा अगाडि बढ्ला भन्ने झिनो आशा थियो। तर नौ महिनामा जनता निराश र आक्रोशित हुँदै गएका छन्। देशमा भविष्यप्रतिको आशा कमजोर हुँदै गएको छ।

बरु 'पाखण्डतन्त्र' ले जरो गाड्दै गएको छ। संविधान संशोधनः संविधान संशोधन गरी स्थायित्व दिने नारा कति झूटो रहेछ भन्ने त एमाले नेताहरूको अभिव्यक्तिबाटै स्पष्ट भएको छ। अब संशोधनको कुरो हराएको छ। कांग्रेस-एमालेको राष्ट्रिय सभामा बहुमत नहुन्जेलसम्म यो विषय स्थगित गरिएको छ। यो यथार्थ सरकार गठन हुँदा पक्कै पनि सबैलाई थाहा थियो। तर त्यसबेला राजनीतिक स्थिरता भन्दै जनतालाई भुलाउन संविधान संशोधनको कुरा गरिएको थियो भन्ने झूट अहिले छताछुल्ल भएको छ। राजनीतिक स्थिरता आर्थिक विकास र सुशासनका लागि के संविधान बाधक भएकै हो ? नेपालीमा एउटा उखान छ- 'नाच्न नजान्ने आँगन टेढो।' जब सत्तामा बस्नेको नियत नै संविधान र सत्ताको दुरुपयोग, एउटा भुइँफुट्टा वर्गको आर्थिक र सत्ता स्वार्थमा सीमित रहन्छ त्यस बखत स्वयं पशुपतिनाथले नयाँ संविधान बनाएर दिए पनि बेकार हुन्छ। नेपालमा देखिएको राजनीतिक अस्थिरता, असन्तुलित अर्थतन्त्र र भ्रष्ट प्रशासनका लागि संविधान जिम्मेवार कि पार्टीका नेता भनाउँदाहरूको सत्ता लिप्सा र भ्रष्टाचार मोह ? विगतमा बहुमत पाएका सरकार पनि संविधान हैन, पार्टीभित्रका भ्रष्टाचार र पदमा भागबन्डा नमिलेर ढलेका हुन्। बहुमत ल्याए पनि फुटको कारण सत्ता अस्थिर भएका हुन्। नेपालभित्र मात्र होइन, बहुमत पाएका सरकार ढल्ने मात्र नभएर लखेटिएका छिमेकी बंगलादेश र श्रीलंकाका उदाहरण छन्। भारतमा भने बहुमत नभए पनि सरकार बलियो छ। त्यसैले बिरामी भयो भने ज्वरोलाई दोष दिने कि कारण खोज्ने ? राजनीतिक अस्थिरता प्रजातन्त्रका नाममा भ्रष्टाचारलाई संस्थागत गर्ने नेपालका हालका नेताहरूको नियतको कारण देखिएको हो। यसमा चिन्तन नगरुन्जेल संविधानले गर्दा समस्या आयो भन्ने नारा दिवालियापन र पाखण्ड मनस्थिति मात्र हो। यो देखिँदै छ। अब बहुमत नआई केही गर्न नसकिने अभिव्यक्ति यसैको डरलाग्दो उदाहरण हो। जनतालाई मूर्ख बनाउने चाल मात्र हो। आर्थिक विकासः आर्थिक विकासको दृष्टिले ओली सरकार कुहिरोमा हराएको काग जस्तो छ। अर्थतन्त्रको समस्या बुझेको छैन वा बुझ पचाएर बसेको छ। स्वयं प्रधानमन्त्री र अर्थमन्त्री कहिले सबै क्षेत्रमा देशको प्रगति भइरहेको ढ्वाङ फुक्छन्, तुरुन्तै अर्थतन्त्र संकटमा छ भनी गुनासो गर्छन्। वर्तमान आर्थिक स्थितिमा केही सबल पक्ष छन्। पहिलो विदेशी मुद्राको पर्याप्त भण्डार छ।

तर स्मरणीय कुरा के छ भने, यो नेपालको पुँजी र श्रमको संयोजनबाट उत्पादित वस्तु र आन्तरिक रोजगारीको उपज होइन। यो काम नपाएका गरिब नेपालीहरूले देशमा रोजीरोटीका लागि बाध्यतावश विदेश जानुपर्ने परिस्थितिको उपज हो। नेपालका शासकहरूले यसको सदुपयोग, राष्ट्रिय पुँजीगत सम्पत्तिको निर्माण तथा कृषि र उद्योगको विकासमा लगाउन सके आर्थिक



विकासका नयाँ सम्भावनाहरू खुल्ने थिए। यतातर्फ सार्थक प्रयास गणतन्त्रात्मक नारा बुलन्द गर्ने कुनै पार्टी र सरकारले गरेका छैनन्। त्यही परम्परालाई वर्तमान सरकारले पनि पछ्याउँदै छ। गाउँहरू रित्तिँदै छन्। श्रम उत्पादकत्व र ज्यालाबीच असन्तुलन बढेको छ। अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदै गएको छ। स्वभावतः नेपाली उद्योगहरू सुक्दै गएका छन् र औद्योगिकीकरण अधोगतिमा लागेको छ। तथ्यांक अनुसार १९८०-९० र १९९०-२००० सम्म नेपालको सरदर आर्थिक वृद्धिदर करिब ५ प्रतिशत रह्यो। तर कृषि, वनजस्ता क्षेत्रको विकास १९८०-९० सम्म ८.६८ प्रतिशत थियो भने त्यसपछि नेपालको कृषि क्षेत्रको वृद्धिदरमा ह्रास आएको छ। घटेको कृषि क्षेत्रको वृद्धिदरको असर कृषि उपजको बढ्दो आयातमा देखा परेको छ। आज नेपाल खाद्य क्षेत्रमा असुरक्षित छ र कृषि उत्पादन निर्यात गर्ने राष्ट्रबाट आयात गर्ने राष्ट्र बनेको छ। दोस्रो, नेपालको औद्योगिकीकरणको प्रक्रियामा रोक लागेको छ। कारखाना उत्पादन/राष्ट्रिय आयको अनुपात १९७० को दशकमा (१९७१-१९८०) मा ३.११ थियो भने १९८०-१९९० मा ५.११ पुग्यो। यसरी औद्योगिकीकरणको विस्तार हुँदै गएको थियो तर त्यसपछि घट्दै गयो र कारखाना उत्पादनको योगदान ३० वर्ष अगाडिको स्थितिमा झर्‍यो। यसको असर कारखाना उत्पादनमा उपलब्ध रोजगारीमा देखिएको छ।

कारखाना उत्पादनमा रोजगारी घट्यो गयो। तेस्रो, कृषि र उद्योगमा देखिएको शिथिलताको प्रभाव बढ्दो आयात र घट्दो निर्यातमा देखा पर्‍यो। १९९० मा आयात/जीडीपीको अनुपात २०.६ प्रतिशत थियो भने २०२० मा आइपुग्दा यो बढेर ३४.९ प्रतिशतसम्म पुग्यो। उक्त समयमा निर्यातको प्रतिशत १९८० सम्मको दशकमा देखिएको २० प्रतिशतबाट घटेर ८.४६ प्रतिशत पुग्यो। आयात निर्यातको यो असन्तुलनको व्यवस्थापन विश्वका विभिन्न देशहरूमा श्रमको निर्यातबाट उपलब्ध विप्रेषणमा थुप्रियो। यसकारण विप्रेषण र राष्ट्रिय आयको अनुपात १९९० को दशकसम्म १.११ रहेकोमा २०१० को दशकमा २४.४ प्रतिशत पुग्यो।

साभार : कान्तिपुर।







अनुरोधकर्ता
क्षीरेश्वरनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश







अनुरोधकर्ता
धनुषाधाम नगरपालिका
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday